# पाँचथर जिल्ला अदालतबाट प्रकाशित

## १५ दिने सूचना

(बिगो नं. ४७, तहसिल शाखा)

सूचना । सूचना ।। सूचना ।।।

दरखास्तवाला/वादी जिल्ला झापा कन्काई नगरपालिका वडा नं. १ दुर्गापुर टोल बस्ने लिलाप्रसाद नेपाल प्रतिबादी जिल्ला पाँचथर फिदिम नगरपालिका वडा नं. ४ जोरसाल बस्ने सीतादेवी पोखेल भएको मु.नं. ०७८-C४-००३४ को चेक अनादर मुद्दामा यस अदालतबाट मिति २०७९/१०/०५ को फैसला बमोजिम वादीले प्रतिवादीबाट बिगो रु.५,००,०००।- र सो को चेक काटिएको मिति देखि कानून बमोजिमको १०% ब्याज रु.१२४०२८।- गरी जम्मा बिगो रु.६,२४,०२८।- भराई पाऊँ भनी वादीको मिति २०८०/०२/१९ मा दरखास्त परी कारबाहीक्रममा प्रतिवादीको नाममा १५ दिने जनाउ म्याद जारी गरिएकोमा सो म्याद तामेल भई निर्दिष्ट मिति भित्र प्रतिवादीले सो रकम दाखिल नगरेको हुँदा बादीले बिगो भराई पाँउ भनी देखाएको तपसिल बमोजिमको प्रतिवादीका नाममा दर्ता रहेको जेथाको डाक लिलाम गरी बिगो भराईदिनका लागि यो १५ दिने सूचना प्रकाशित गरिएको छ। उक्त जेथाको पञ्चकिर्ती मूल्य मिति २०८०/०८/२१ मा कायम भईसकेकोले भईसकेकोले विगोले खामेसम्मको जेथा पञ्चकिर्ती मूल्यका दरले मिति २०८१।०१।२७ गतेमा लिलाम हुने गरी सूचना जारी गरिएकोमा सो मितिमा डाक सकार गर्न कोही पनि उपस्थित नभएकोले पुनः पञ्चकिर्ती मूल्यका दरले मिति २०८१/०३/०६ गतेमा लिलाम हुने गरी बिगो भराईदिनका लागि पुनः यो १५ दिने सूचना प्रकाशित गरिएको छ। यो सूचना तपसिलको जग्गामा-१, फिदिम न.पा. ४ नं. वडा कार्यालयमा-१, मालपोत कार्यालय, फिदिममा-१ तथा यस अदालतको सूचना पाटीमा समेत टाँस गरिएको छ। डाक बढाबढ गर्न इच्छुक महानुभावले मिति २०८१/०३/०६ गते दिनको १० बजे यस अदालतमा उपस्थित भई डाक बढाबढमा भाग लिनुहोला। पञ्चकिर्ती मूल्य भन्दा बढी जसको डाक बढाबढ हुन्छ उसैले डाक सकार गरिलिन पाउनेछ। आँफूले डाक बोलेको रकमको १०% रकम सोही दिन अदालतमा चुक्ता बुझाउनु पर्नेछ र बाँकी रकम ७ दिन भित्र बुझाउनु पर्नेछ। सो समयभित्र बाँकी रकम नबुझाएमा पहिले बुझाएको १०% रकम जफत हुनेछ। मूल्य पूरा हुन नआएमा लिलाम विक्री हुने छैन। लिलामको दिन अदालत विदा भए त्यसको भोलि पल्ट डाक हुनेछ। अन्य कुनै जानकारी लिनु परे अदालतको समयमा जानकारी लिन सकिने वेहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ।

तपसिलः

| क्र.सं. | दर्तावाला | जिल्ला | गा.वि.स. | वडा नं. | कि.नं. | क्षेत्रफल | पञ्चकिर्ती मूल्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | सीतादेवी पोखेल र भरतराज ढुङ्गेल | पाँचथर | फिदिम | ८घ | ३१२ | ०-३-२-३ | रु.१,२०,०००।- (प्रति आना) | सितादेवी पोखेलको भाग जति जग्गा मात्र |
| २ | रुपनारायण पोखेल | पाँचथर | फिदिम | ७क | १३० | ३-९-०-० | रु.४०,०००।- (प्रतिरोपनी) | |
| ३ | रुपनारायण पोखेल | पाँचथर | फिदिम | ७क | १३४ | २-१-०-० | रु.४०,०००।- (प्रतिरोपनी) | |
| ४ | रुपनारायण पोखेल | पाँचथर | फिदिम | ८क | ४३२ | १-३-०-३ | रु.४०,०००।- (प्रतिरोपनी) | |
| ५ | रुपनारायण पोखेल | पाँचथर | फिदिम | ८क | ५४ | २-१२-३-१ | रु.४०,०००।- (प्रतिरोपनी) | |
| ६ | रुपनारायण पोखेल | पाँचथर | फिदिम | ८क | ४३६ | १-२-०-० | रु.४०,०००।- (प्रतिरोपनी) | |

ईति सम्वत २०८१ साल जेठ ८ गते रोज ३ शुभम्-------------------------------------------